# शिक्षक सेवा आयोग

## निम्न माध्यमिक तहको अध्यापन अनुमति पत्रको लिखित नमुना प्रश्न पत्र

विषय : सेवा सम्बन्धि समय : एक घण्टा

१. "सबै तहको शिक्षालाई प्रतिप्रर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमूखी बनाई देशको आवश्यकता अनुरुपको मानव संशाधन विकास गर्ने" कुरा राष्ट्रिय शिक्षा नीति २०७६ को हो............................... ?

(A) उद्देश्य (B) रणनीति (C) लक्ष्य (D) दूरदृष्टि

२. शिक्षा तथा मानव स्रोत विका केन्द्रले कोभिड महामारीका कारणबाट अवरुद्ध भएको सिकाइलाई निरन्तरता दिन सञ्चालनमा ल्याएको पोर्टल कुन हो ?

(A) शिक्षा पोर्टल (B) ई पोर्टल (C) सिकाइ पोर्टल (D) दूर पोर्टल

३. नेपालको संविधान, २०७२ को कुन धारामा सञ्चारको हकको व्यवस्था गरिएको छ ?

(A) धारा २१ (B) धारा २० (C) धारा १९ (D) धारा १८

४. शिक्षक सेवा आयोग नियमावली, २०५७ अनुसार शिक्षक सेवा आयोगको काम कुन होइन ?

(A) शिक्षकहरुको स्थायी नियुक्तिका लागि सिफारिस गर्ने

(B) शिक्षकहरुको कार्यसम्पादन मूल्याङ्कनका आधारमा बढुवा गर्ने

(C) शिक्षकको सेवा, सर्त र सुविधा सम्बन्धमा मन्त्रालयलाई सुझाव दिने

(D) सामुदायिक विद्यालयका स्थायी शिक्षकहरुको राजिनामा स्वीकृत गर्ने

५. नेपालमा प्राविधिक तथा व्यावसायिक शिक्षा अन्तर्गत आधुनिक प्राविधिक शिक्षालयको शुरुवात कहिलेदेखि भएको हो ?

(A) वि.सं. २०५२ (B) वि.सं. २०४५ (C) वि.सं. २०३७ (D) वि.सं. २०२८

६. शिक्षा ऐन, २०२८ अनुसार गाउँ वा नगर शिक्षा समितिमा कति जना सदस्य रहन्छन् ?

(A) ९ जना (B) १० जना (C) ११ जना (D) १२ जना

७. कलेज अफ एजुकेशनको स्थापना कहिले भएको हो ?

(A) वि.सं. २०१३ (B) वि.सं. २०१८ (C) वि.सं. २०२८ (D) वि.सं. १९९९

८. मनोविज्ञानको आधुनिक परिभाषा कुन हो ?

(A) मनको विज्ञान (B) आत्माको विज्ञान

(C) व्यवहारको विज्ञान (D) चेतनाको विज्ञान

९. कुनै कार्यमा एउटै उत्तेजनाले फरक प्रतिक्रिया व्यक्त गर्दछ भने त्यसलाई ..............भनिन्छ ।

(A) नकारात्मक स्थानान्तरण (B) सकारात्मक स्थानान्तरण

(C) लम्बीय स्थानान्तरण (D) क्षितिजीय स्थानान्तरण

१०. स्मरण गरिने विषयवस्तुलाई कुनै सुहाउँदो मध्यस्थको सहायताले स्मरण गरिने विधिलाई के भनिन्छ ?

(A) नियमको निर्माण (B) ज्ञानको संगठित आधार तयार

(C) संकेत उपयोग गरेर सिक्नु (D) नेमोनिक विधिको प्रयोग

११. विद्यालयमा गुनासो व्यवस्थापनको उद्देश्य कुन हो ?

(A) सम्भावित विपद् रोक्नु

(B) विद्यालयका कार्यक्रमहरुमा नागरिक सहभागिता वृद्धि गर्नु

(C) शिक्षकहरुबिच सौहार्द सम्बन्ध कायम गर्नु

(D) धेरै धेरै गुनासो गर्ने परिस्थिति सिर्जना गर्नु

१२. समुदायले विद्यालयलाई गर्ने मुख्य सहयोग देहायका मध्ये कुन हो ?

(A) विद्यालय गतिविधिको अनुगमन (B) विद्यालय सुधार योजना निर्माण

(C) विद्यालयका लागि स्रोत साधन व्यवस्थापन (D) विद्यालयका क्रियाकलापमा पारदर्शिता

१३. विद्यालयमा विकास गरिने योजना र उत्तरदायी/जिम्मेवार व्यक्ति/संस्था बिचको सम्बन्धको जोडा मिलाउनुहोस् ।

i. विद्यालय सुधार योजना (A) प्रधानाध्यापक

ii. वार्षिक कार्यतालिका (B) शिक्षक

iii. वार्षिक कार्ययोजना (C) वि.व्य.स.

(A) i र a, ii र b, iii र c (B) i र b. ii र a, iii र c

(C) i र c, ii र a. iii र b (D) i र c. ii र b, iii र a

१४. शिक्षक पेसागत विकास प्रारुप शैक्षिक जनशक्ति विकास परिषदबाट कहिले स्वीकृत भएको हो ?

(A) २०८०।०७।१३ (B) २०८०।०७।१२

(C) २०८०।०८।१२ (D) २०८०।०८।१३

१५. शिक्षकको पेसागत प्रारुप २०८० अनुसार शिक्षकको पेसागत विकासका विधिहरु तलकामध्ये कुन होइन ?

(A) छोटो अवधिको कष्टमाइज्ड तालिम (B) एक महिने प्रमाणीकरण तालिम

(C) शिक्षक मेन्टरिङ (D) मेन्टर शिक्षक

१६. शिक्षकको पेसागत विकासका लागि प्रशिक्षक छनौटको आधार कुन हो ?

(A) माध्यमिक तहमा कम्तिमा ५ वर्ष काम गरेको शिक्षक

(B) सम्बन्धित विषयमा कम्तिमा स्नातकोत्तर उपाधि हासिल गरेको

(C) सूचना तथा सञ्चार प्रविधिसम्बन्धी ज्ञान तथा सीप भएको

(D) माथिका सबै